समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०९/१७ बैठक संख्या: ३६

बैठक प्रारम्भ समय: बिहानको ८:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।

निर्णयहरु

१. खाँदबारी नगरपालिकाको विनियोजन ऐन, २०८० मा देहाय अनुसार संशोधनका लागि आगामी नगरसभा समक्ष पेश गर्ने।

देहाय:

| वडा नं. | हालको भएको | संशोधित योजनाको नाम | विनियोजित बजेट रु. |
|---|---|---|---|
| ४ | पञ्चकन्या आधारभूत विद्यालय कम्पाउण्ड तारबार लगाउने | पञ्चकन्या आधारभूत विद्यालय कम्पाउण्ड लगाउने | १,००,०००।- |
| ४ | खम्बुकिराँत टोल खानेपानी ट्याङ्की निर्माण | खम्बुकिराँत टोल हालको टंकबहादुर राईको घरछेउ ढुङ्गा सोलिङ | १,००,०००।- |
| ४ | शहरी स्वास्थ्य केन्द्र पांमा भवन मर्मत | शहरी स्वास्थ्य केन्द्र पांमा भवन कम्पाउण्ड तारबार | १,००,०००।- |

२. खाँदबारी नगरपालिका र सभापोखरी गाउँपालिकाको साझेदारीमा खाँदबारी-राम्चे-लेब्राङ-डके सडकको राम्चे - माल्टाखोला सडक खण्डमा मर्मतको लागि भएको खर्च रकममध्ये रु. ५ लाख यस नगरपालिकाकोतर्फबाट साझेदारी गर्ने।

३. खाँदबारी नगरपालिका वडा नं. ५ मा खेलमैदान निर्माणको लागि जग्गा खरिद/व्यवस्थापन गरी खेलमैदान निर्माण गर्न आवश्यक बजेट विनियोजनको लागि सम्बन्धित निकायमा माग गरी पठाउने।

४. खाँदबारी नगरपालिका वडा नं. ५ मा कुलुङ समाधीस्थल व्यवस्थापनको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा बद्री घिमिरे लगायतको नाममा दर्ता कायम रहेको साविक माल्टा गा. वि. स. वडा नं. १ को कित्ता नं. ३४० क्षेत्रफल ७०५० वर्गमिटर भएको जग्गा प्राप्ति गर्ने सम्बन्धी नियमानुसारको प्रकृया अगाडि बढाउने।

५. खाँदबारी नगरपालिका वडा नं. २ को बरालगाउँमा खानेपानीको मूहान खरिदको लागि जग्गा प्राप्ति गर्ने सम्बन्धमा प्रेमबहादुर ओझाको नाममा दर्ता कायम रहेको साविक पांमा गा. वि. स. वडा नं. ८ को कित्ता नं. १२४९ क्षेत्रफल ६६२० वर्गमिटर भएको जग्गामध्ये २ रोपनी जग्गा प्राप्ति गर्ने कार्यको लागि आर्थिक व्यवस्थापन गरी नियमानुसारको प्रकृया अगाडि बढाउने।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४ नियम २ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्मल कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०९/१७ बैठक संख्या: ३६

बैठक प्रारम्भ समय: बिहानको ८:०० बजे बैठक समापन समय: बजे

६. खाँदबारी नगरपालिका वडा नं. ९ र षडानन्द नगरपालिका वडा नं. ६ जोड्ने अरुण नदीमाथि झोलुङ्गे पुल निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक रकम उपर्युक्त श्रोतको खोजी गरी व्यवस्थापन गर्ने ।

७. खाँदबारी नगरपालिका वडा नं. ४ शेकाहामा खेलमैदान निर्माणको लागि स्थानीय खेलप्रेमीबाट सहयोग रकम संकलन गरी जग्गा व्यवस्थापन सम्बन्धी कार्य भईसकेको हुँदा खेलमैदान निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गरी डि. पि. आर. तयार गर्ने ।

८. खाँदबारी नगरपालिकाको नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनको लागि बजेट व्यवस्थापन गरी मिति २०८०/१०/२५ देखि २७ सम्म सञ्चालन गर्ने ।

९. खाँदबारी नगरपालिका वडा नं. ९ मा बहुजातीय संग्रहालय निर्माणको लागि सम्बन्धित निकायमा बजेट विनियोजनको लागि अनुरोध गरी पठाउने ।

१०. कार्यपालिका बैठकमा श्रोतको खोजी गरी कार्यान्वयन गर्ने भनी निर्णय भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि संघ, प्रदेश तथा अन्य संघसंस्थाबाट सो शीर्षकमा बजेट विनियोजन भई आएमा प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयन गर्ने ।

११. खाँदबारी नगरपालिकालाई नेपाल पर्यटन बोर्डबाट पर्यटन पूर्वाधार विकास कार्यक्रमको किराँत लोहोरुङ राई याख्खा संग्रहालय सौन्दर्यीकरण तथा प्रवर्द्धन शीर्षकमा चालू आ. व. मा रु. साठी लाख बजेटको प्रतिबद्दता भई आएकोले उक्त कार्यक्रम कार्यान्वयनको लागि यस नगरपालिकाबाट व्यहोर्नुपर्ने २० प्रतिशत रकम नगरपालिकाको समपूरक कोषबाट खर्च गर्ने ।

१२. खाँदबारी नगरपालिका वडा नं. ९ सालबिसौना टोलस्थित यस नगरपालिकाको स्वामित्वमा रहेको करिब १० रोपनी जग्गामा थप जग्गा व्यवस्थापन गरी खेलमैदान निर्माण गर्न आवश्यक प्रकृया अगाडि बढाउने ।

१३. खाँदबारी नगरपालिका वडा नं. १ को किराँत समाधीस्थल निर्माणको लागि आवश्यक रकम उपर्युक्त श्रोतको खोजी गरी व्यवस्थापन गर्ने ।

१४. खाँदबारी नगरपालिका वडा नं. ५ को श्री सरस्वती माध्यमिक विद्यालय र वडा नं. ९ को श्री वागीश्वरी माध्यमिक विद्यालयको आ. व. २०७९/८० मा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत सञ्चालित भवन निर्माण सम्बन्धी योजनाको पेश्की फछर्यौट गर्ने प्रयोजनको लागि २०८० फाल्गुण मसान्तसम्म म्याद थप गर्ने र प्राविधिक मूल्याङ्कनबमोजिमको नपुग रकम सम्बन्धित निकायमा कार्यप्रगति सहित माग गर्ने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८०/०९/१७ बैठक संख्या: ३६

बैठक प्रारम्भ समय: बिहानको ८:०० बजे बैठक समापन समय: बजे

१५. खाँदबारी नगरपालिकालाई चालू आ. व. २०८०/८१ मा बाख्राको श्रोत केन्द्र निर्माणको लागि सशर्त अनुदानतर्फ प्राप्त रकम मागको आधारमा नियमानुसार प्रस्ताव आह्वान गरी खर्च गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

१६. खाँदबारी नगरपालिकाको आ. व. २०७९/८० को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर आजको कार्यपालिका बैठकमा छलफल गरियो।

१७. निम्नानुसार निवेदकहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता प्रदान गर्ने।

देहाय:

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | समस्या | श्रोत |
|---|---|---|---|---|---|
| १ | कोमल श्रेष्ठको छोरा पूर्ण श्रेष्ठ | खाँदबारी न. पा. १ | २०,०००।- | क्यान्सर उपचार | आर्थिक सहायता |

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत